**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय जनता पार्टीले पश्चिम बंगाल विधानसभा अध्यक्ष पदको लागि रथीन्द्र बोसलाई उम्मेदवारको रूपमा घोषणा गरेको छ।
- पश्चिम बंगाल सरकारले आलु, प्याज, फल, सब्जी, अन्न र अन्य आवश्यक वस्तुहरूको अन्तरराज्यीय आवागमनमा लगाइएको सबै प्रतिबन्धहरू हटाएको छ।
- राज्य सरकारले सबै सरकारी र सरकारी सहायता प्राप्त विद्यालयहरूमा बिहानको असेंबलीमा "वन्दे मातरम" गाउन अनिवार्य गरेको छ।
- पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीले राज्यभरिका जिल्ला निर्वाचन अधिकारीहरु र निर्वाचक पंजीकरण अधिकारीहरूलाई मतदाता सूचीहरूको व्यापक सत्यापन गर्न निर्देश दिएको छ।
- पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले आज वर्ष 2026 को उच्च माध्यमिक परीक्षाको परिणाम घोषित गरेको छ ।

**रथीन्द्र बोस**

भारतीय जनता पार्टीले पश्चिम बंगाल विधानसभा अध्यक्ष पदको लागि पहिलो पटक विधायक बनेका रथीन्द्र बोसलाई उम्मेदवारको रूपमा घोषणा गरेको छ, मुख्यमन्त्री तथा सदनका नेता शुभेन्दु अधिकारीले स्वयं उहाँको नामको आज घोषणा गर्नुभयो।मुख्यमन्त्री शुभेन्दु अधिकारीले सोशल मीडिया पोस्टमा भन्नुभएको छ कुचबिहार दक्षिणका भाजपा विधायक रथीन्द्र बोसलाई 18औं पश्चिम बंगाल विधान सभाको अध्यक्ष पदको लागि पार्टीको उम्मेदवारको रूपमा मनोनित गरिएको छ।उहाँले रथीन्द्र बोसको नामलाई सबै दलले समर्थन गर्नेछ र उहाँ सर्वसम्मतिले निर्वाचित हुने आशा व्यक्त गर्नुभयो।यदि तृणमूल कांग्रेस लगायत कुनै पनि विपक्षी दलले अध्यक्ष पदको लागि उम्मेदवार उठाएन भने, रथींद्र बोस सर्वसम्मतिले निर्वाचित हुने उत्तर बंगाल विधान सभाको पहिलो अध्यक्ष बन्नुहुनेछ।रथीन्द्र बोसले यस विधानसभा चुनावमा कुचबिहार दक्षिण सिटबाट तृणमूल कांग्रेसका उम्मेदवार अभिजित डे भौमिकलाई 23 हजार भन्दा बढी मतको अन्तरले पराजित गर्नुभएको छ। रथीन्द्र बोस वर्तमानमा भाजपाको उत्तर बंगाल इकाईका संयोजक हुनुहुन्छ र लामो समयदेखि राष्ट्रिय स्वयंसेवक संघ र भाजपासित जोड़ीनु भएको छ। उहाँको संगठनात्मक राजनीतिमा बलियो पकड भएको मानिन्छ र उहाँ एक प्रभावशाली वक्ताको रूपमा पनि चिनिन्छ, यद्यपि यो संसदीय राजनीतिमा उहाँको पहिलो कार्यकाल हो।

**पश्चिम बंगाल सरकार - प्रतिबंध हटाईयो**

पश्चिम बंगाल सरकारले आलु, प्याज, फल, सब्जी, तेलहन, खाद्यान्न र अन्य आवश्यक वस्तुहरूको अन्तरराज्यीय आवागमनमा लगाइएको सबै प्रतिबन्ध हटाएको छ।यी प्रतिबन्धहरू पूर्ववर्ती तृणमूल कांग्रेस सरकारले लगाएको थियो र यी प्रतिबन्धहरूका कारण किसानहरू, विशेष गरी आलु उत्पादकहरूले ठूलो क्षति बेहोर्नु परेको थियो।विधानसभा चुनाव अघि भारतीय जनता पार्टीले किसानहरूलाई यी प्रतिबन्धहरू हटाउने वाचा गरेको थियो।

बाईट

***आलु, प्याज, सब्जी, फल, खाद्यान्न र तेलहन जस्ता वस्तुहरू अब राज्यको सिमाबाट कुनै अवरोध बिना स्वतन्त्र रूपमा पठाउन सकिन्छ। जिल्ला प्रशासन, पुलिस र परिवहन अधिकारीहरूलाई यो आदेशको सुचारू कार्यान्वयन सुनिश्चित गर्न निर्देश दिइएको छ। यो निर्णयले साना तथा सीमान्त किसानहरूका साथै व्यापारीहरूलाई पनि लाभ पुऱ्याउनेछ। अब किसानहरूले आफ्नो उत्पादको उचित मूल्य पाउनेछन्। मुख्यमन्त्रीले अन्तरराज्यीय सीमामा***

***सामानले भरिएका वाहनहरूलाई अनावश्यक रूपमा रोकेमा वा दुर्व्यवहार गरेमा सम्बन्धित अधिकारीहरू माथि कडा कारबाही गरिने चेतावनी पनि दिनुभएको छ।आकाशवाणी न्यूज़, कोलकाताबाट संदीपन दासगुप्ताको रिपोर्टका साथ समाचार कक्षबाट--------------------,***

यसैबीच, पश्चिम बंगाल सरकारले शिक्षक भर्ती, नगरपालिका निकाय भर्ती र सहकारी सेवा भर्ती घोटालासित सम्बन्धित मामिलाहरू केन्द्रीय अन्वेषण ब्यूरो (सीबीआई) लाई सुम्पने निर्णय गरेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले आरोप लगाउँदै भन्नुभयो पूर्ववर्ती तृणमूल कांग्रेस सरकारले भ्रष्ट अधिकारीहरूलाई बचाउन यी मामिलाहरूमा कुनै कारबाही गरेको थिएन। राज्य सरकारले तृणमूल कांग्रेस सरकारले सेवानिवृत्ति पछि पुन: नियुक्त गरेका सबैको सेवा पनि समाप्त गरेको छ। राज्य सरकारले यस सम्बन्धमा धैरै आधिकारिक आदेशहरू जारी गरेको छ।

## वन्दे मातरम

पश्चिम बंगालमा स्कूल प्रार्थना सभाहरूको सम्बन्धमा एउटा प्रमुख प्रशासनिक फैसला आएको छ। राज्य सरकारले सबै सरकारी र सरकारी सहायता प्राप्त विद्यालयहरूमा बिहानको असेंबलीमा "वन्दे मातरम" गाउन अनिवार्य गरेको छ। स्कूल शिक्षा विभागले जारी गरेको आधिकारिक निर्देशमा यसलाई तत्काल प्रभावबाट कार्यान्वयन गर्न भनिएको छ। निर्देश अनुसार, कक्षा सुरु हुनुभन्दा पहिले प्रार्थना सभाको सुरुमा सबै विद्यार्थीहरूले सामूहिक रूपमा 'वन्दे मातरम्' गाउनु अनिवार्य हुनेछ।स्कूल शिक्षा निदेशक द्वारा 13 मईमा जारी गरिएको पत्रमा भनिएको छ कि प्रार्थना सभा 'वन्दे मातरम्' को गायनबाट सुरु हुनुपर्छ, ताकि यसलाई राज्यका सबै स्कूलहरूमा समान रूपमा लागू गर्न सकियोस्।विभागीय अधिकारीहरूले विद्यालयहरूलाई सम्पूर्ण प्रक्रियाको रेकर्ड राख्न भनेका छन, साथै आवश्यक परेमा भिडियो कागजातहरू पनि अनिवार्य गर्न सकिने संकेत गरेका छन्। उल्लेखनीय छ कि अहिलेसम्म रवीन्द्रनाथ टैगोरद्वारा रचित राष्ट्रिय गीत 'जन गण मन' मुख्यतया राज्यका विद्यालयहरूमा गाइँदै आएको छ। पूर्ववर्ती  सरकारको कार्यकालमा, 1905 को बंग-भंग आन्दोलनसित सम्बन्धित टैगोर द्वारा रचित राज्य गीत ‘बांग्लार माटी , बांग्लार जल ' पनि प्रार्थना सभामा सामेल गरिएको थियो।अब, 'वन्दे मातरम्' लाई अनिवार्य गरेपछि, राज्यका विद्यालयहरूको प्रार्थना सभामा राष्ट्रिय गीत र राज्य गीतका साथै थप एक राष्ट्रिय प्रतीक जोड़ीएको छ।

## गो हत्या प्रतिबन्ध

पश्चिम बंगालको सत्तारुढ भारतीय जनता पार्टीले सरकारले राज्यमा गाई हत्या सार्वजनिक स्थानहरुमा र पशु वधलाई लिएर कढ़ा अडान लिएको छ।प्रदेश सरकारले पश्चिम बंगाल पशु वध नियंत्रण अधिनियम, 1950 लाई कडाइका साथ लागू गर्न निर्देश दिंदै सार्वजनिक स्थानहरुमा पशु वधमा प्रतिबन्ध लगाएको छ।

***राज्य सरकार द्वारा जारी अधिसूचनामा वैध प्रमाणपत्र बिना गाई, गोरु, बाछा, भैंसी र अन्य गाई वस्तुको वध गर्न पाउने छैन भनिएको छ।सरकारले कुनै पनि जनावरको वध गर्नुअघि त्यो 14 वर्षभन्दा माथिको छ र प्रजनन वा काम गर्न अयोग्य भएको वा रोग, चोटपटक वा विकृतिका कारण स्थायी रूपमा अशक्त भएको प्रमाणित गर्न अनिवार्य हुने स्पष्ट पारेको छ।यो प्रमाणपत्र नगरपालिका अध्यक्ष वा पञ्चायत समितिका सभापति तथा सरकारी पशु चिकित्साधिकारीले संयुक्त रूपमा जारी गर्नेछन्। अनुमति बिना पशु वध गर्नेहरू विरुद्ध कडा कानुनी कारबाही गरिनेछ।सरकारले यो पनि स्पष्ट पारेको छ कि वधको लागि अनुमति दिइएका जनावरहरू अधिकृत बूचड़खानहरूमा मात्र वध गर्न सकिने छ। खुला ठाउँमा, सडकमा वा सार्वजनिक क्षेत्रहरूमा वध गर्न कडा रूपमा निषेध गरिनेछ। अधिसूचनामा  भनिएको छ कानून उल्लङ्घन गर्नेलाई छ महिना सम्मके जेल, एक हजार रुपियाँ सम्मको जरिवाना वा दुवै सजाय हुन सक्ने छ।राज्य सरकारले सबै जिल्ला प्रशासन, नगरपालिका र पञ्चायत अधिकारीहरूलाई यस कानूनको कडाईका साथ पालना सुनिश्चित गर्न निर्देश दिएको छ। सरकारले कलकत्ता उच्च न्यायालयको 2018 को आदेश र 2022 मा जारी दिशा-निर्देशहरुको आधारमा यो कदम चालेको हो।***

## मतदाता सूची सत्यापन

पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयले राज्यभरिका जिल्ला निर्वाचन अधिकारीहरू र निर्वाचक पंजीकरण अधिकारीहरूलाई मतदाता सूचीहरूको व्यापक सत्यापन गर्न निर्देश दिएको छ।यस अभियान अन्तर्गत, आफ्नो

बसोबास स्थान परिवर्तन गरेका, पंजीकृत ठेगानामा नबस्ने वा मृत्यु भइसकेका मतदाताहरूको पहिचान गरिनेछ।आज जारी गरिएको एक आधिकारिक बयानमा भनिएको छ कि सबै जिल्लाहरूमा मतदाता सूचीहरूको विस्तृत समीक्षा गरिनुपर्छ र भारतीय निर्वाचन आयोगको दिशा-निर्देश अनुसार अयोग्य नामहरू हटाउने प्रक्रिया सुरु गरिनुपर्छ। अधिकारीहरूलाई आ-आफ्नो क्षेत्रका मतदाता सूचीको गहन परीक्षण गर्न भनिएको छ। निर्देशहरूमा फारम-7 आवेदनहरूको शीघ्र निस्तारणमा विशेष जोड दिइएको छ।फारम 7 को  प्रयोग मतदाता सूचीमा आपत्ति दर्ता गर्न र नाम हटाउनलाई गरिन्छ। सत्यापन अभियानको क्रममा चिन्हित गरिएका मामिलाहरूमा आवश्यक कारबाही गर्न पनि निर्देश दिइएको छ। प्रमाणीकरण अभियानको क्रममा पहिचान गरिएका मामिलाहरूमा आवश्यक कारबाही गर्न पनि निर्देशन दिइएको छ।मुख्य निर्वाचन अधिकारी कार्यालय अनुसार आगामी चुनाव अघि मतदाता सूचिलाई पारदर्शी, सटीक र त्रुटिरहित बनाउने उद्देश्यले यो अभियान सञ्चालन गर्न लागिएको जनाएको छ। राज्यका सबै जिल्ला प्रशासनिक अधिकारीहरूलाई यो काम प्राथमिकताको आधारमा पूरा गर्न र निर्वाचन आयोगको निर्देशहरूको तत्काल पालना सुनिश्चित गर्न भनिएको छ।

**निर्वाचन आयोग - एसआईआर**

निर्वाचन आयोगले आज विशेष गहन पुनरीक्षण - एसआईआरको तेस्रो चरणको घोषणा गरेको छ, यसलाई 16 राज्य र तीन केन्द्र शासित प्रदेशहरुमा चरणबद्ध तरीकाले संचालित गरिनेछ।यी राज्यहरू आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, हरियाणा, झारखण्ड, कर्नाटक, महाराष्ट्र, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड, ओडिशा, पञ्जाब, सिक्किम, त्रिपुरा, तेलंगाना र उत्तराखण्ड हुन् । केन्द्र शासित प्रदेशहरूमा दिल्ली, चण्डीगढ, दादरा र नगर हवेली तथा दमन र दीव सामेल छन्।

**ईडी - सुजीत बोस**

नगर निकाय भर्ती घोटालाको जांचमा प्रवर्तन निदेशालय (ईडी) ले ठुलो दावी गर्दै पश्चिम बंगालका पूर्व अग्निशमन मंत्री सुजीत बोससित सम्बन्धित दुई निजी संस्थानहरुको माध्यम द्वारा कथित रुपमा करोडो रुपियाँको लेनदेन गरिएको छ । एजेंसीको आरोप छ कि भर्ती घोटालाको कालो धनलाई लुकाउनको लागि यी  कंपनिहरुको प्रयोग गरे । ईडी ले गत 11 मईमा सुजीत बोसलाई पक्राउ गरेको थियो । ईडी ले वर्ष 2016 मा सुजीत बोस अनि यी कंपनीहरु बीच भएको एक समझौता पत्र पनि जफत गरेको छ । एक अगस्त 2016 मा भएको यस समझौता  अनुसार, 'मैनपावर सप्लाई एंड मैनेजमेंट' सेवाहरुको सट्टामा कंपनीलाई प्रतेक महिना 2 लाख 50 हजार रुपियाँ सुजीत बोसलाई दिने गर्दथ्यो ।

**नन्दिनी चक्रवर्ती - महत्वपूर्ण दायित्व**

पश्चिम बङ्गालका पूर्व मुख्य सचिव नन्दिनी चक्रवर्तीलाई मुख्यमन्त्री शुभेन्दु अधिकारी नेतृत्वाधिन नयाँ सरकारमा महत्वपूर्ण दायित्व सुम्पिइएको छ। विधानसभा चुनाउ घोषणा भएपछि आयोगद्वारा अपदस्थ गरिएका नन्दिनी चक्रवर्तीलाई अब मुख्यमन्त्री कार्यालय अधिनस्थ "विकास कार्यहरूको प्रधान समन्वयक"- को रूपमा महत्वपूर्ण दायित्व दिइएको छ।नवान्न सूत्र अनुसार नन्दिनी चक्रवर्तीलाई भारत-बङ्गलादेश अन्तर्राष्ट्रिय सीमामा बारबन्दी गर्नको लागि सीमा सुरक्षा बललाई जमीन हस्तान्तरण गर्ने प्रक्रियाको निगरानी गर्ने जिम्मेवारी दिइएको छ।

**पश्चिम बंगाल - सांसद निधन**

सीपी आई एमका वरिष्ठ नेता नेता तथा पूर्व सांसद सुधांशु सिलको आज बिहान कोलकाताको एक निजी अस्पतालमा निधन भयो। उहाँ 81 वर्षको हुनुहुन्थ्यो। 27 मार्च, 1945 को जन्मे सिल का राजनीतिक जीवन गौरवशाली रहा। 27 मार्च 1945 मा जन्मिएका सिलको राजनीतिक जीवन गौरवशाली थियो। उहाँले 2001 देखि 2004 सम्म जोराबागन निर्वाचन क्षेत्रबाट विधायकको रूपमा तथा 1990 देखि 2015 सम्म पाँच पटक कोलकाता नगर निगमका पार्षद र महापौर-परिषदका सदस्यको कार्य गर्नु भएको थियो ।

**उच्च माध्यमिक शिक्षा परिणाम**

पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले आज वर्ष 2026 को उच्च माध्यमिक परीक्षाको परिणाम घोषित गऱ्यो। यस वर्ष उच्च माध्यमिक परीक्षामा कुल 6 लाख 35 हजार 931 विद्यार्थीहरूले पंजीकरण गरेका थिए, जसमध्ये 6 लाख 26 हजार 258 परीक्षार्थीहरुले परीक्षा दिए। कुल 5 लाख 71 हजार 355 विद्यार्थी सफल घोषित भएका छन्। परीक्षाको कुल उत्तीर्ण प्रतिशत 91.23 रहेको छ।

***जिल्लागत रूपमा प्रदर्शनमा पूर्वी मेदिनीपुरले सबैभन्दा परिणाम दर्ता गरेको छ, जिल्लाको उत्तीर्ण प्रतिशत 94.19 रह्यो, जो राज्यमा सर्वाधिक हो। यस वर्षको मेधा सूचीमा शीर्ष 10 स्थानहरुका 64 विद्यार्थीले स्थान बनाएका छन् , जसमा 56 छात्र र आठ छात्रा सामेल छन् अद्रित पालले 496 अंक ल्याएर राज्यमा प्रथम स्थान हासिल गरेका छन्।परिषद्ले विद्यार्थीहरूले आधिकारिक वेबसाइटमा आफ्नो रोल नम्बर र पंजीकरण संख्या दर्ता गरेर आफ्नो परिणाम हेर्न सक्ने बताएको छ। विद्यालयहरूबाट मार्कसिट र प्रमाणपत्र वितरण गर्ने प्रक्रिया पनि सुरु भएको छ। साथै पोस्ट पब्लिकेशन स्क्रूटिनी र पोस्ट पब्लिकेशन रिव्यूका लागि आवेदन प्रक्रिया 14 मईको राती 12 बजे पछि शुरू हुनेछ।यस अवसरमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले परीक्षामा उत्तीर्ण हुने सबै विद्यार्थीहरूलाई शुभकामना र बधाई दिनुभयो। मुख्यमन्त्री शुभेन्दु अधिकारीले आफ्नो सन्देशमा, विद्यार्थीहरूको कडा परिश्रम, अनुशासन र आत्मविश्वासले उनीहरूले सफलता पाएको बताउनु भयो।***

**राजु विष्ट- लघु उद्योग**

दार्जीलिङका लोकसभा सांसद राजु विष्टले सिलगढीको ३ माइल, सेवोक रोडमा रहेको मौर्य भवनको तेस्रो तल्लामा अवस्थित उत्तर बंगालको लघु उद्योग भारतीको नयाँ कार्यालयको उद्घाटन गर्नुभयो । यस कार्यले सिलगढी दार्जिलिङ पहाड, तराई, डुवर्स र उत्तर बंगाल क्षेत्रमा नयाँ आर्थिक चेतनाको उदयलाई संकेत गर्दछ। यसले माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको "आत्मनिर्भर भारत" को दृष्टिकोणलाई अझ अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ। यो कार्यालयले लाखौं साना उद्योगपति, व्यवसायी, स्टार्टअप संस्थापक र युवा उद्यमीहरूको आकांक्षालाई समर्थन गर्नेछ।लघु उद्योग भारती एक शक्तिशाली राष्ट्रिय आन्दोलन हो जसको ६०० जिल्लाहरूमा बलियो उपस्थिति छ र भारतको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको एमएसएमई क्षेत्रलाई सुदृढ पार्न समर्पित ६६,००० भन्दा अधिक सदस्यहरू छन्। उत्तर बंगालमा, सिलगडी उत्तर पूर्वी भारतको प्रवेशद्वार, एक प्रमुख व्यापार करिडोर, रसद केन्द्र र सीमा अर्थतन्त्र केन्द्रको रूपमा देखा परेको छ। लघु उद्योग भारतीले स्थानीय उद्यमीहरूलाई एकताबद्ध गर्न, युवाहरूका लागि रोजगारी सिर्जना गर्न, महिला उद्यमीहरू र स्वयम-सहायता समूहहरूलाई सशक्त बनाउन र औद्योगिक विकासलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ। यस नयाँ कार्यालयले मार्गदर्शन केन्द्र, उद्यमी समर्थन प्लेटफर्म, नेटवर्किङ स्पेस, सीप र नवप्रवर्तन हब र एमएसएमई सशक्तिकरण केन्द्रको रूपमा काम गर्नेछ।

**अनित थापा**

जीटीएका प्रमुख कार्यपाल अनित थापाले आज पत्रकारहरूसँग कुराकानी गर्दै गोजमुमोका नेताहरूले आधिकारिक रूपमा जीटीएका प्रिन्सिपल सेक्रेटरीसँग भेट गरेको जानकारी दिनुभएको छ । उहाले नेताहरूबीचको राजनीतिक मतभेदका कारण पहाडका सर्वसाधारणले दुःख पाउन नहुने बताउदै आधिकारिक भेटघाटको स्वागत गर्नुभएको छ । थापाले जीटीए एक स्वायत्त निकाय भएकाले यसको प्रशासनिक कार्य हाल नियमित रूपमा सञ्चालन भइरहेको जानकारी गराए। भविष्यमा राष्ट्रिय राजनीतिक दलहरूसँग सहकार्य हुने वा नहुने भन्ने प्रश्नमा उहाले अहिले नै केही भन्न सकिने अवस्था नरहेको र समयसँगै परिस्थिति स्पष्ट हुँदै जाने बताउनुभयो । यसका साथै पश्चिम बङ्गालमा हालै मात्र राज्य सरकार तथा मन्त्रिमण्डल गठन भएको उल्लेख गर्दै उहाले राज्य सरकारका प्रतिनिधिहरूसँग तत्काल कुनै विशेष भेटघाटको योजना नरहेको बताउनुभयो । ग्राम पञ्चायतका केही प्रतिनिधिहरूले अन्य राजनीतिक दललाई समर्थन गरेको विषयमा प्रतिक्रिया दिँदै थापाले यसलाई सामान्य राजनीतिक प्रक्रिया भएको बताउनुभएको छ ।

**होटल -आगलागी**

दार्जीलिङको हुकर रोडस्थित एक निजी होटलमा आज अचानक आगो लागेको रिपोर्ट प्राप्त भएको छ । आगलागी भएपछि होटलका कर्मचारीहरू तथा स्थानीय बासिन्दाहरूको सक्रियतामा आगोलाई तत्काल नियन्त्रणमा लिन सफल बनेका छन्।घटनापछि केही समयमै अग्नि शमन विभागको टोली पनि घटनास्थलमा पुगेको थियो। तर, दार्जीलिङ क्षेत्रमा रहेको ट्राफिक जामका कारण अग्नि शमन वाहन समयमै घटनास्थलमा पुग्न नसकेको जानकारी प्राप्त भएको छ।घटनामा कुनै मानवीय क्षतिको खबर प्राप्त नभए पनि आगलागीको कारणबारे अनुसन्धान भइरहेको बताइएको छ।

**********